## मिति २०८० साल आश्विन ४ गतेको गाउँ कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरुः**

१. समिक्षा सम्बन्धमा ।

२. दिर्घरोगी स्वास्थ्य उपचार खर्च सम्बन्धमा ।

३. एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि शंसोधन सम्बन्धमा ।

४. यसम मा.बि. को जग्गा प्राप्ति सम्बन्धमा ।

५. विविध समसामयिक विषयहरु सम्बन्धमा ।

**निर्णयहरुः-**

**१. निर्णय नं. १, प्रस्ताव नं. १ उपरको निर्णयः**

विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**२. निर्णय नं. २, प्रस्ताव नं. २ उपरको निर्णयः**

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार बापत मासिक रु. ५,०००।०० रकम उपलब्ध गराउने लाभग्राहीलाई रकम उपलव्ध गराउन संघिय शसर्त अनुदानबाट प्राप्त रकम रु. २,००,०००।०० अभाव भएको कारणले शो शिर्षकमा नपुग रकम हाल संघीय शसर्त अनुदानको स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता शिर्षकबाट खर्च गर्ने र संघिय सरकारबाट सोधभर्नाको लागि आवश्यक प्रकृया अगाडि बढाउने तथा रकम प्राप्त भए पछी शोधभर्ना गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**३. निर्णय नं. ३, प्रस्ताव नं. ३ उपरको निर्णयः**

गाउँ कार्यपालिकाको कार्यलयबाट पेश एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७६ लाई पहिलो पटक संशोधन गर्न बनेको कार्यविधि, २०८० स्वीकृत गर्ने सर्वसम्मतबाट निर्णय गरियो । संशोधन कार्यविधि यसै साथ संलग्न छ ।

**४. निर्णय नं. ४, प्रस्ताव नं. ४ उपरको निर्णयः**

यसम माध्यमिक बिद्यालयको आर्थिक बर्ष ०७९/८० को जग्गा प्राप्ति शिर्षकमा विनियोजित बजेटबाट यसम माध्यमिक बिद्यालयको लागि बिष्णु कुमार कार्कीको नाममा दर्ता श्रेष्ता कायम रहेको जग्गा प्राप्ति भएको तर जग्गा वर्गिकरण कार्य सम्पन्न नभएको कारणले जग्गा रजिष्ट्रेशन पास हुन नसकेकोमा हाल सोहि जग्गा यसम माध्यमिक बिद्यालयको नाममा रजिष्ट्रेशन पास भएकोले प्रति रोपनि रु.

५,८०,०००।०० ले हुन आउने एक रोपनि आठ आना जग्गाको रकम रु. ८,७०,०००।०० मध्ये अघिल्लो आर्थिक बर्षमा भुक्तानि भएको रकम रु. ६,००,०००।०० र बाकि हुँन आउने रकम रु. २,७०,०००।०० यस आर्थिक बर्षको गाउँपालिका जग्गा प्राप्ति शिर्षकबाट नियमानुसार भुक्तानि दिने सर्वसम्मतबाट निर्णय गरियो।

**५. निर्णय नं. ५, प्रस्ताव नं. ५ उपरको निर्णयः**

बिबिध प्रस्तावमा उठेका बिषयमा उपर देहाय अनुसार कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) सुन्तले पोखरी, वडा नं. २ तथा पानी मुनि धारो पोखरी, वडा नं. १ आयोजना कार्यान्वयनका विषयमा द्वविधा उत्पन्न भई छानविनको लागि मिति २०७९/०५/२९ गतेको कार्यपालिका बैठकबाट गाउँपालिका उपाध्यक्ष श्री अस्मिता थापाको नेतृत्वको गठित छानविन समितिबाट छानविन प्रतिवेदन प्राप्त भयो। सो प्रतिवेदनको अध्ययन गरी आगामि गाउँ कार्यपालिका बैठकमा आवश्यक कार्यार्थ पेश गर्ने।

ख) यस गाउँपालिका भित्रका नदिहरुबाट नदिजन्य पदार्थ (बालुवा, ढुंगा, गिटि) उत्खनन् भएको भन्ने व्यहोरा कार्यालयमा गुनासो प्राप्त भएकोले गाउँपालिका भित्रका नदिहरुबाट नदिजन्य पदार्थ उत्खनन् गर्न पूर्ण रुपमा रोक लगाउने तथा प्रारम्भिक वातावरणिय मूल्यांकन गरी प्रतिवेदनको आधारमा ठेक्का प्रकृया बन्दोबस्त गर्ने। तत्कालको लागि उत्खनन् भएको नदिजन्य पदार्थको प्राविधिक मूल्यांकन गरी प्रति घन मिटरको रु. ५,००।०० का दरले जरिवाना स्वरुप राजश्व अशुलि गर्न प्रकृया अगाढी बढाउने।

ग) संघीय संसदमा हालै दर्ता भएको "बिद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्ने बिधेयक, २०८०" का सम्बन्धमा यस लिखु गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ। उक्त बिधेयकमा रहेका प्रावधानहरु संघीयतामा नै चुनौति दिने र संविधानत् प्राप्त स्थानीय सरकारको एकल अधिकारमा समेत हस्तक्षेप हुने गरी ल्याईएको यस कार्यपालिकाको ठहर छ। प्रस्तावित विधेयकका कतिपय प्रावधानप्रति असहमति जनाउदै शिक्षक महासंघको नेतृत्वमा घोषणा गरिएको अनिश्चितकालीन बिद्यालय बन्दको कार्यक्रमप्रति पनि हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ। लोकतन्त्रमा ट्रेड युनियनको भूमिका र पेशागत हक/अधिकारको सम्मान गर्दै बालबालिकाको आधारभूत शिक्षा प्राप्त गर्ने मौलिक हक र मानब अधिकारको हनन् हुने गरी अनिश्चितकालिन बिद्यालय बन्द गर्न खोज्नु अशोभनिय कार्य हो सो कार्य नगर्न लिखु गाउँपालिका भित्रका बिद्यालय व्यवस्थापन समिति तथा शिक्षकमा अनुरोध सहित यस गाउँपालिका भित्रका बिद्यालयहरु नियमित सञ्चालन गर्न बिद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई निर्देशन जारी गर्ने। संविधान र ऐन, कानून भित्र रहेर खोजिने जुनसुकै विवादहरुको समाधान सम्वाद र छलफलबाट नै प्राप्त गर्न सकिने तर्फ समेत सम्बन्धित सबैमा ध्यानाकर्षण गराउने।

घ) मिति २०८०/०६/०४ गतेको "घ" वर्गको ईजाजत कागजात मूल्यांकन समितिको सिल्खु खोला कन्स्ट्रक्सनलाई 'घ' वर्गको ईजाजत प्रदान गर्ने प्रस्तावलाई स्विकृति गर्ने ।